NSW GOVERNMENT

# What do I need to know if my child is suspended?

Parent/carer information

# यदि मेरो बच्चा निलम्बित छ भने मैले के जान्न आवश्यक छ?

## अभिभावक/हेरचाहकर्ताको जानकारी

### निलम्बन भनेको के हो?

निलम्बन तब हुन्छ जब विद्यालयले विद्यार्थीलाई केही समयको लागि विद्यालयमा नआउन भन्छ। किन्डरगार्टनदेखि वर्ष २ सम्मका विद्यार्थीहरूलाई ५ स्कूल दिनसम्म निलम्बन गर्न सकिन्छ र वर्ष ३ – १२ सम्मका विद्यार्थीहरूलाई १० स्कूल दिनसम्म निलम्बन गर्न सकिन्छ।

प्रधानाध्यापकहरूले विद्यार्थी निलम्बन गर्न सक्छन् जब विद्यार्थीको चिन्ताजनक व्यवहारले अरूलाई वा शिक्षण र सिकाइमा अस्वीकार्य जोखिम निम्त्याउँछ।

प्रधानाध्यापकहरूले विद्यार्थी निलम्बन गर्न सक्छन् जब उनीहरूले विद्यार्थीहरूको चिन्ताजनक व्यवहारलाई अन्य तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिसकेका छन् र विद्यालयलाई सो व्यवहारको लागि सहयोगको योजना बनाउन र सो विद्यार्थी विद्यालयमा नभएको बेलामा अरु सबैलाई कसरी सुरक्षित राख्ने भन्ने योजना बनाउन समय चाहिन्छ। निलम्बन गर्ने निर्णय गर्दा प्रधानाध्यापकहरूले विद्यार्थीको व्यवहार र आवश्यकताहरू विचार गर्नुपर्छ। यदि व्यवहार गम्भीर छ वा सुरक्षा समस्या छ भने, तपाईंको बच्चालाई तत्काल निलम्बनमा राख्न सकिन्छ।

### यदि मेरो बच्चा निलम्बित भयो भने के हुन्छ?

प्रधानाध्यापकले उपयुक्त ठाउँमा विद्यार्थीलाई मौखिक रूपमा भन्नुपर्छ। तिनीहरूले तुरुन्तै आमाबाबु वा हेरचाहकर्ताहरूलाई मौखिक रूपमा, जहाँ सम्भव छ, वा २४ घण्टाभित्र सूचित गर्नुपर्छ। निलम्बनको जवाफ दिन तपाईं र तपाईंको बच्चालाई स्कूलसँग भेट्ने मौका दिनुपर्छ। स्कूलले तपाईंसँग रणनीतिहरू र सहायताहरूमा काम गर्नेछ जुन तपाईंको बच्चालाई मद्दत गर्नको लागि राख्न सकिन्छ।

प्रधानाध्यापकले तपाईंलाई निलम्बनको लिखित सूचना पनि प्रदान गर्नेछ, जसमा तपाईंको बच्चा निलम्बित हुनुको कारण, निलम्बनको विवरण र समयसीमा समावेश हुन्छ।

निलम्बनको समयमा तपाईंको बच्चालाई विद्यालयमा अनुमति दिइने छैन। स्कूलले तपाईंको बच्चालाई निलम्बनको समयमा सिकाइ जारी राख्न सहयोग प्रदान गर्नेछ र तपाईं र तपाईंको बच्चासँग कुरा गर्नेछ। निलम्बनको समयमा तपाईंको बच्चाको कल्याणलाई कसरी सहयोग गर्ने भन्नेबारे जानकारी उपलब्ध छ।

### निलम्बनको अवधि थप

यदि निलम्बनले सहायताको योजना बनाउन पर्याप्त समय प्रदान गर्दैन वा त्यहाँ सुरक्षा जोखिम जारी छ जुन अझै व्यवस्थापन गरिएको छैन भने, प्रधानाध्यापकले निलम्बन अवधि बढाउन सक्छन्। निलम्बनको अवधि बढाइएको खण्डमा आमाबाबु/हेरचाहकर्ताहरूलाई निलम्बनको समाप्तिअघि सूचित गरिनेछ।

### के म निलम्बनको लागि अपील गर्न सक्छु?

हो, यदि तपाईं प्रधानाध्यापकले अनुचित निर्णय गरे वा नीति र प्रक्रियाहरू सही तरिकाले पालना गरेनन् भन्ने विश्वास गर्नुहुन्छ भने। अपील स्रोत हेर्नुहोस्।

तपाईंको बच्चाको वकालत गर्नेबारेमा थप जानकारी उपलब्ध छ, साथै स्कूल समुदाय चार्टर जसले स्कूलहरूसँग कुराकानी गर्ने तरिकाहरूको रूपरेखा दिन्छ।

### निलम्बन समाधान बैठक के हो?

तपाईंको बच्चा निलम्बन समाप्त भएको मितिमा वा अघि स्कूल फर्कनेछ। तपाईंको बच्चाको व्यवहार व्यवस्थापन गर्न र सँगै समाधानहरू विकास गर्न स्कूलसँग तपाईंको सकारात्मक संलग्नता धेरै महत्त्वपूर्ण हुन्छ। तपाईंको बच्चा फर्किनुअघि स्कूलले तपाईंलाई फोन गरेर तपाईंको बच्चासँग नजिकबाट काम गर्ने स्कूलका कर्मचारीहरूसँग समाधान बैठकको व्यवस्था गर्न सम्पर्क गर्नेछ।

बैठक व्यक्तिगत रूपमा, फोनमा वा अनलाइन ढाँचामा हुन सक्छ जसले सकारात्मक छलफलको उत्तम मौका दिनेछ। बैठक तपाईं कसरी आफ्नो बच्चालाई स्कूल फर्कंदा सहयोग गर्न सँगै काम गर्न सक्नुहुन्छ भन्ने बारेमा हुनेछ। तपाईं बैठकमा आफ्नो साथमा एक सहयोगी व्यक्ति ल्याउन सक्नुहुन्छ। एक सहयोगी व्यक्ति त्यस्तो व्यक्ति हुन सक्छ जसले तपाईंलाई र/वा तपाईंको बच्चालाई व्यावहारिक र/वा भावनात्मक समर्थन प्रदान गर्न सक्छ।

चिन्ताजनक व्यवहार जसलाई थप रणनीति र सहयोग चाहिन्छ, स्कूलले तपाईं र तपाईंको बच्चासँग उनीहरूलाई सहयोग गर्न र कुनै पनि जोखिम कम गर्न योजना विकास गर्न काम गर्नेछ। तपाईंको बच्चासँग पहिले नै एउटा हुन सक्छ। यदि योजना पहिले नै बनाइएको छ भने, यो तपाईंको बच्चालाई सहयोगमा मद्दत गर्न समायोजित गरिनेछ। यो योजना तपाईं र तपाईंको बच्चालाई सहयोग गर्ने विद्यालयका अन्य कर्मचारीहरूसँग साझा गरिनेछ।

### यदि त्यस्तो व्यवहार फेरि दिहिरियो भने के हुन्छ?

यदि चिन्ताजनक व्यवहार फेरि दोहोरियो भने, प्रधानाध्यापक र स्कूल सिकाइ सहायता टोलीले तपाईंको बच्चाको सिकाइलाई सहयोग गर्ने तरिकाहरूको पहिचान गर्ने प्रयास गर्नेछ जसमा अर्को निलम्बन समावेश हुन सक्छ। यसमा विभागभित्रका विशेषज्ञहरूलाई सहयोगका लागि मद्दत माग्नु समावेश हुन सक्छ।

### मैले स्कूलबाट के जानकारी प्राप्त गर्न सक्छु?

तपाईंले स्कूललाई के भयो र किन भयो भन्नेबारेमा थप जानकारीको लागि सोध्न सक्नुहुन्छ। विद्यालयले तपाईंलाई कुनै पनि निर्णयको पछाडिको तर्क, के कार्यहरू हुनेछन् र यदि तपाईंलाई कुनै समस्या छ भने के गर्ने भनेर व्याख्या गर्नुपर्छ।

### टेलिफोन अनुवादक सेवा

यदि तपाईं विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईंको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन्। तपाईंलाई यो सेवाको लागि चार्ज गरिने छैन।